# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## गुठिचौर गाउँपालिका

### जुम्ला





**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## गुठिचौर गाउँपालिका

### जुम्ला




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## गुठिचौर गाउँपालिका

### जुम्ला

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलत: आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
**Office of the Auditor General**
अनामनगर, काठमाडौँ, नेपाल
Anamnagar, Kathmandu, Nepal

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय कर्णाली प्रदेश**

पत्र संख्याः २०७९।८०
च.नं. : ४५ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्ष ज्यू,
गुठिचौर गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
जुम्ला।

**कैफियत सहितको राय**

हामीले गुठिचौर गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।
२. लेखापरीक्षणबाट रू.४ करोड १ लाख ८२ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.३३ लाख २० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ३४ लाख ३२ हजार, नियमित गर्नुपर्ने रु.२ करोड १९ लाख ३७ हजार र पेश्की रु.१४ लाख ९३ हजार रहेको छ। पालिकाको गतवर्ष सम्म रु.५ करोड ५५ लाख ३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.९ करोड ५६ लाख ८५ हजार रहेको छ। गाउँपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ।
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

नायब महालेखापरीक्षक

# गुठिचौर  गाउँपालिका, जुम्ला

## 1. चालु वर्षको बेरुजु २०७८।७९

### 1.1. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

***(रु. हजारमा)***

<table>
<tr><th colspan="3" rowspan="2">प्रारम्भिक बेरुजु</th><th colspan="3" rowspan="2">प्रतिक्रियाबाट फछ्यौंट</th><th colspan="3" rowspan="2">बाँकी बेरुजु</th><th colspan="7">बेरुजु</th></tr>
<tr><th rowspan="3">असुल गर्नुपर्ने</th><th colspan="5">नियमित गर्नुपर्ने</th><th>पेस्की</th></tr>
<tr><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th rowspan="2">अनियमित भएको</th><th rowspan="2">प्रमाण कागजात पेश नभएको</th><th rowspan="2">राजस्व लगत जिम्मेवारी नसारेको</th><th rowspan="2">सोधभर्ना नलिएको</th><th rowspan="2">जम्मा</th><th rowspan="2"></th></tr>
<tr><th>सैद्धान्तिक</th><th>लगती</th><th>सैद्धान्तिक</th><th>लगती</th><th>सैद्धान्तिक</th><th>लगती</th></tr>
<tr><td>५७</td><td>१२०</td><td>४०१८२</td><td>०</td><td>०</td><td>०</td><td>५७</td><td>१२०</td><td>४०१८२</td><td>३३२०</td><td>१३४३२</td><td>२१९३७</td><td>०</td><td>०</td><td>३५३६९</td><td>१४९३</td></tr>
</table>

### 1.2 प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| **क्र.सं** | **प्रारम्भिक प्रतिवेदनको दफा नं.** | **छोटकरी व्यहोरा** | **रकम रु.** |
|---|---|---|---|
| ० | ० | ० | ० |
| | | | |
| | | | |
| | | | |

## 2. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

***(रु. हजारमा)***

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गुठिचौर गाउँपालिका जुम्ला | ५५५०३ | ० | ० | ५५५०३ | ० | ४०१८२ | ९५६८५ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : गुठीचौर गाउँपालिका, जुम्ला , गुठिचौर तिला गाउँपालिका , जुम्ला

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | मदन प्रसाद देवकोटा | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | जयराज कुमाई | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ४०,१८१,८६४ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | २,१६,१२,४४२ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २१,९२,२८,००० | **चालु खर्च** | १८,२८,२०,२१० |
| **प्रदेश सरकारबाट अनुदान** | ४,१४,१४,८९७ | **पूँजीगत खर्च** | १०,२१,४७,७२६ |
| **राजश्व बाँडफाँट** | ५,४५,५१,८७२ | **वित्तीय/अन्य व्यवस्था** | ६,७९,५२,०१६ |
| **आन्तरिक आय** | १४,००,००० | | |
| **अन्य आय** | ६,८०,८२,९०८ | | |
| **कुल आय** | ३८,४६,७७,६७७ | **कुल खर्च** | ३५,२९,१९,९५२ |
| **बाँकी मौज्दात** | | ५,३३,७०,१६७ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचयः**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गुठिचौर गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ५ वडा, २८ सभा सदस्य, ४२७ वर्ग किलोमिटर क्षेत्रफल तथा ११ हजार ३४५ जनसंख्या रहेको छ ।<br>लेखापरीक्षणमा पेश भएसम्मको आर्थिक कारोबारको लेखापरीक्षण समष्टिगत लेखापरीक्षण योजना, इकाइगत लेखापरीक्षण योजना, प्रेसित आर्थिक विवरण, जिन्सी निरीक्षण प्रतिवेदन, प्रगति प्रतिवेदन, व्यवस्थापन प्रतिनिधित्वपत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सिमित साधन र स्रोत, सूचनाको कमि, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने विद्यमान अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको परीक्षणमा कठिनाई जस्ता सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ बमोजिम लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निक्र्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजना भित्र रही नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको आधारमा सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७९।०५।३१ मा व्यवस्थापनसँग छलफल गरी कायम लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छनः | |
| २ | | | **स्थानीय भत्ताः**<br>भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ (११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने प्रवधान छ। कर्मचारीहरुलाई दैनिक भत्ता भुक्तानी गर्दा स्थानीय भत्ता कट्टा गरेको देखिएन । पालिकाबाटै एकिन गरी दैनिक भत्ता उपभोग गरेको अवधिको स्थानीय भत्ता असुल गर्नुपर्दछ । | |
| ३ | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि विभिन्न खातामा मौज्दात राखेको पाईयो ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>• पेश्की लिई कार्यक्रम सञ्चालन गरेकोमा खर्चको तेरिज बनाई भरपाईको जोडजम्मा सहित निवेदन संलग्न गर्ने गरेको छैन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको छैन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ४८ जनाको दरबन्दी रहेकोमा प्रमुख प्रशासकिय अधिकृत जस्ता प्रमुख पदको दरबन्दी रिक्त रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । • निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु.१,८८,४९,४६१.०० तलब खर्च लेखेको पाईयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडलगायत खर्च यकिन हुन सकेन । • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम पालिकाको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४ | | | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार गरेको छैन । कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु व्यवस्थित अभिलेख राखेको पाईएन । यसरी खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| ५ | | | **वित्तीय विवरण विश्लेषणः** | |
| ५.१ | | | स्थानीय संचित कोष : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु र पालिकालाई एकिकृत वार्षिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ स्वीकृत भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार पालिकाको आर्थिक वर्ष २०७८।७९ को स्थानीय सञ्चित कोषको आय व्यय विवरण निम्नानुसार रहेको छ । | |

| विवरण | टिप्पणी | यसवर्ष रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझैभुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | ३३,५१,८२,९३१ | ३१,५७,३९,७७१.५७ | | ३१,५७,३९,७७१.५७ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ३३,५१,८२,९३१ | ३१,५६,०८,८७९.५७ | ० | ३१,५६,०८,८७९.५७ |
| ११००० कर | ११ | ६,४६,०१,००० | ५,४९,६५,९८२.५७ | ० | ५,४९,६५,९८२.५७ |
| १३००० अनुदान | | २७,०५,८१,९३१ | २६,०६,४२,८९७ | ० | २६,०६,४२,८९७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संघीय सरकार | १२ | २२,०४,३०,००० | २१,९२,२८,००० | ० | २१,९२,२८,००० | | |
| | | | | प्रदेश सरकार | १२ | ५,०१,५१,९३१ | ४,१४,१४,८९७ | ० | ४,१४,१४,८९७ | | |
| | | | | १५००० विविध प्राप्ति | | ० | ० | ० | ० | | |
| | | | | ख. अन्य प्राप्ति | | | १,३०,८९२ | | १,३०,८९२ | | |
| | | | | वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | | |
| | | | | कोषहरु | | ० | ० | ० | ० | | |
| | | | | धरौटी | | ० | १,३०,८९२ | ० | १,३०,८९२ | | |
| | | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | | |
| | | | | भुक्तानी (ग+घ) | | ३५,९४,०८,०८६ | २८,४९,६७,९३७ | | २८,४९,६७,९३७ | | |
| | | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ३५,९४,०८,०८६ | २८,३३,८६,४९५ | | २८,३३,८६,४९५ | | |
| | | | | २१००० पारिश्रमिक / सुविधा | १८ | ६,८४,७६,८०० | ४,९३,९०,१३८ | ० | ४,९३,९०,१३८ | | |
| | | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ३,८१,४२,०५३ | ३,३९,५८,३२७ | ० | ३,३९,५८,३२७ | | |
| | | | | २५००० सहायता (Subsidy) | १८ | १,०१,००,००० | ७०,११,५८६ | ० | ७०,११,५८६ | | |
| | | | | २६००० अनुदान | १८ | ९,३७,८८,००० | ८,२६,२५,१५४ | ० | ८,२६,२५,१५४ | | |
| | | | | २७००० सामाजिक सुरक्षा | १८ | १,१३,९५,००० | ७०,८७,०७४ | ० | ७०,८७,०७४ | | |
| | | | | २८००० अन्य खर्च | १८ | १६,५०,००० | ११,६६,४९० | ० | ११,६६,४९० | | |
| | | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १३,५८,५६,२३३ | १०,२१,४७,७२६ | ० | १०,२१,४७,७२६ | | |
| | | | | घ. अन्य भूक्तानी | | | १५,८१,४४२ | | १५,८१,४४२ | | |
| | | | | कोषहरु | | ० | ० | ० | ० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| धरौटी | | ० | १५,८१,४४२ | ० | १५,८१,४४२ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | (२,४२,२५,१५५) | ३,०७,७१,८३४.५७ | | ३,०७,७१,८३४.५७ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | २,१६,१२,४४२ | | २,१६,१२,४४२ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (२,४२,२५,१५५) | ५,२३,८४,२७६.५७ | | ५,२३,८४,२७६.५७ |
| | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | ५,२९,६२,९४१.५७ | | ५,२९,६२,९४१.५७ |
| | | | | | |

विनियोजन तर्फ

| विनियोजन तर्फ | | | | |
|---|---|---|---|---|
| कोष तथा लेखा नियन्त्रक कार्यालय जुम्ला | | | | |
| सि नं | खर्च शिर्षक | वजेट | निकासा | खर्च |
| १ | सामाजिक सुरक्षा तथा संरक्षण | ४४८६६६३२ | ४२७२५४६८ | ४२७२५४६८ |
| २ | प्रशासकीय भवन तथा पुर्वाधार विकास | १९०००००० | १९०००००० | १९०००००० |
| ३ | प्रधानमन्त्री रोजगार कार्यक्रम | | १२३००५४८ | १२३००५४८ |
| | जम्मा | | ५६९२६०१६ | ५६९२६०१६ |
| प्रदेश लेखा इकाइ जुम्ला | | | | |
| ४ | ३०१००१२३ | १०५००० | १०५००० | १०५००० |
| ५ | ३१४०००११३ | १५०००० | १५०००० | १५०००० |
| ६ | ३०१००१२४ | १०७७१००० | १०७७१००० | १०७७१००० |
| | जम्मा | | ११०२६००० | ११०२६००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | कुल जम्मा | | ६७९५२०१६ | ६७९५२०१६ | |
| | | | | | | | | | |
| ५.२ | | | वित्तीय विवरण – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | | | | | | |
| ५.३ | | | जिम्मेवारी फरक परेको – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. ५५,५०,१६८.०० मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. २,१६,१२,४४२.०० जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. १,६०,६२,२७४.०० बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ । | | | | | | |
| ५.४ | | | बैंक हिसाब मिलान नगरेको – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्दछ । | | | | | | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | सनराईज बैङ्क (बाँडफाँट बाट प्राप्त राजश्व) ०७८०४८९६११७०३०१० | ८०.९८ | ७०७७१५४.०८ | 7077073.1 |
| २ | सनराईज बैङ्क (चालु खर्च खाता) ०७८०४८९६११७०१००३ | ६३४४०३२.५९ | ९८०९७१४.२६ | 3465681.7 |
| ३ | सनराईज बैङ्क (पूँजीगत खर्च खाता) ०७८०४८९६११७०१००४ | ७९८८३९९.०० | १५२८०९३८ | 7292539.0 |
| ४ | सनराईज बैङ्क (स्थानीय तह धरौटी खाता) ०७८०४८९६११७०१००२ | १६१८९२.०० | ५३०७१९३ | 5145301.0 |
| ५ | सनराईज बैङ्क (स्थानीय तह संचितकोष खाता) ०७८०४८९६११७०१००१ | २२२२५०००.०० | | |
| | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.५ | | | स्थानीय तहमा प्राप्त हुने सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम, पूर्वाधार विकास साझेदारी कार्यक्रम, लगायतलाई समेटी समावेश गरी वित्तीय प्रतिवेदन (म.ले.प.फा.न. २७२ ) तयार गरे नगरेको | ३,४६५,६८१ |
| ६ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरणः**<br>स्थानीय सरकार सञ्चाल ऐन ,२०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख ,मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छ:<br>:<br>पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ । | |
| ७ | | | **बजेट पेश, पारित र अख्तियारीः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाका उपाध्यक्ष श्री शान्ति कुमारी मल्ल भण्डारीले मिति २०७८।०३।१० गते रु ३५ करोड ९४ लाख ८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८। ०३। २९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।०४।०५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ८ | | | **अबण्डा बजेटः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष रु १ करोड ५० लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मितिको निर्णयबाट चालुतर्फ ११ लाख ४३ हजार र पुजीगततर्फ रु १ करोड ३८ लाख ५७ हजार बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९</td><td></td><td></td><td>बजेट सीमा निर्धारण समिति :<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>चौमासिक पूँजीगत खर्चः<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।
<table>
<tr><th>क्र=सं+=</th><th>बजेट उपशिर्षक</th><th>कुल खर्च</th><th colspan="4">चौमासिक खर्च</th></tr>
<tr><th></th><th></th><th></th><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेस्रो चौमासिक</th><th>अषाढ महिना</th></tr>
<tr><td></td><td>चालुगत</td><td>१८१२३८७६९</td><td>३८३०५३९३</td><td>५२००९०५१</td><td>९०२२४३२५</td><td>६१४१९५८४</td></tr>
<tr><td></td><td>पुजिगत</td><td>१०२१४७७२६</td><td>१०५०००</td><td>२५०६१३४१</td><td>७६९८१३८५</td><td>५५०६३८४८</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२८३३८६४९५</td><td>३८४१०३९३</td><td>७७०७०३९२</td><td>१६७२०५७१०</td><td>११६४८३४३२</td></tr>
<tr><td></td><td>प्रतिशत</td><td></td><td>१३.७५</td><td>२७.२५</td><td>५९.००</td><td>४१.१०</td></tr>
</table>
पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. २८,३३,८६,४९५.०० खर्च भएकोमा प्रथम चौमासिकमा १३.७५ प्रतिशत, दोश्रो चौमासिकमा २७.२५प्रतिशत र तेश्रो चौमासिकमा ५९ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ११,६४,८३,४३२। अर्थात ४१.१० प्रतिशत खर्च देखिनुले नगद प्रवाह सन्तुलित ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>११</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम तर्जुमा :<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्चको स्थितिः<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>मुख्यक्षेत्र</th><th>वार्षिकवजेट</th><th>खर्चरकम</th><th>कुलखर्चमध्येप्रतिशत</th></tr>
<tr><td>आर्थिकविकास</td><td>४३११८०३४</td><td>२९३९०५०९</td><td>१०%</td></tr>
<tr><td>सामाजिकक्षेत्र</td><td>१४०६४५०००</td><td>११९२७५५७९</td><td>४२%</td></tr>
<tr><td>पूर्वाधारविकासक्षेत्र</td><td>८३४३८१९९</td><td>६४२६०१५०</td><td>२३%</td></tr>
<tr><td>वित्तीयव्यवस्थापनरसुशासन</td><td>६८७८०००</td><td>३१९८५२५</td><td>१%</td></tr>
<tr><td>कार्यसञ्चालनतथाप्रशासनिकखर्च</td><td>८५३२८८५३</td><td>६७२६१७३२</td><td>२४%</td></tr>
<tr><td>जम्मा</td><td>३५९४०८०८६</td><td>२८३३८६४९५</td><td>१००%</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबैन्दा बढी ४२ प्रतिशत र वित्तीय व्यवस्थापन र सुशासन मा सबै भन्दा घटीमा १ प्रतिशत रहेको छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **खर्च बिश्लेषणः**<br>पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.२०,००,०००।०० राजस्व बाँडफाँड र अनुदानबाट रु. ३१,५६,०८,८७९। -समेत रु. ३३,५६,०८,८७९.५७ आम्दानी भएकोमा चालु तर्फ रु. १८,१२,३८,७६९। र पूँजिगत तर्फ रु. १०,२१,४७,७२६। समेत रु २८,३३,८६,४९५। खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.७ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी बैठक भत्तामा रु. १४,७१,१०० र पदाधिकारी अन्य सुविद्यामा रु. ३९,९४,४७९। गरी पदाधिकारी सबिधामा रु. ५४,६५,५७९। खर्च भएको छ जुन आन्तरिक आयको २७३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६४ प्रतिशत चालु र ३६ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |
| १४ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४८ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार स्वास्थ्य तर्फ अधिकृत छैठौ ३ जना, नगरस्वास्थ्य तर्फ अधिकृत छैठौ १ जना तथा प्रशासन तर्फ अधिकृत छैठौ २ जना दरबन्दी भन्दा वढी कर्मचारी रहेका छन भने कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, जनस्वास्थ्य अधिकृत सहित ६ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १५ | | | **कर्मचारी करारः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ३९ जना कर्मचारीहरु करारमा राखि रु. ८७,०७,१६०.०० खर्च लेखेको छ । सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेपनि स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न प्राविधिक सहायक पदमा ३ जना करार नियुक्ति गरी बर्षभरीमा रु.६,४८,०००.०० भुक्तानी गरेको अनियमित दिखएको रु. | ६४८,००० |
| १६ | | | **कल्याण कोषः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट कोषको संचालन सम्बन्धी व्यवस्था भएको छैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **अनुदानको अनुगमनः**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| १८ | | | **नाफामूलक संस्थालाई अनुदानः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । पालिकाले यो वर्ष देहायअनुसारका नाफामूलक संस्थाको कार्यालय व्यवस्थापन खर्चका लागि रु. ३१,११,९०५.०० अनुदान उपलब्ध गराएको छ । तर त्यसबाट उपरोक्त बमोजिम सेबा प्रबाह हुने सुनिश्चित नदेखिएकोले नियमसम्मत नदेखिएको रु. | ३,१११,९०५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **अनुदान फिर्ताः**<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको रकम आर्थिक वर्ष समाप्त भए पश्चात साउन महिनामा सम्बन्धित निकायमा फिर्ता गरेको भौचर पेश गरेको छ । | |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त चालु | ११६१७८००० | ९८७३६७१० | १७४४१२९० |
| | शसर्त पुजीगत | १६६५०००० | १४०८५०६४ | २५६४९३६ |
| **प्रदेश सरकार** | शसर्त | १४९९५०० | १४९९००० | ५०० |
| | शसर्त पुजीगत | १७८२०९४४ | १४९६०९४३ | २८६०००१ |
| | विषेश | २५७६०६८ | २५७५९६२ | १०६ |
| | समपुरक | १०५५५३८५ | १०५५५३८४ | १ |
| | अन्य | २२७८०० | २२२३१८ | ५४८२ |
| | **जम्मा** | **१६५५०७६९७** | **१४२६३५३८१** | **२२८७२३१६** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२०</td><td></td><td></td><td>सवारीसाधन खरिदः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । पालिकाले यस वर्ष ६ थान दुई पांग्रे सवारि साधन खरिदमा रु.१७,९०,२२६.०० बजेटबाट खर्च गरेको छ । पालिकाको आन्तरिक आय मजबुद विलासिता एवं खर्च वृद्धि गराउने सामानमा लगानी गर्ने कार्यमा नियन्त्रण एवं सुधार गर्नुपर्दछ ।<br><table><tr><th>सि.नं</th><th>सवारी साधन</th><th>संख्या</th><th>रकम</th></tr><tr><td>१</td><td>मोटरसाइकल</td><td>६</td><td>१७९०२२६</td></tr></table></td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>बार्षिक खरिद योजना/गुरुयोजना :<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१०,२१,४७,७२६.०० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>आर्थिक सहायताः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु. ६,९४,०००।०० आर्थिक सहायता वितरण गरेका छन् । उक्त कार्यको मापदण्ड एवं कार्यविधि निर्धारण गरेको छैन । आर्थिक सहायता वास्तविक र मितव्ययी बनाई अनावश्यक खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **कानून र सञ्चालन स्थितिः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १५ वटा ऐन, ५ वटा नियमावली, १८ कार्यविधि २ निर्देशिका लगायत ५० वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| २४ | | | **न्यायीक समितिः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १ र यो बर्ष थप भएको ४८ गरी कुल ४९ विवाद दर्ता भएकोमा ४६ वटा मात्र फछ्र्यौट भई ३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| २५ | ५३४ | २०७९-३-२५ | **मोबाइल दाखिलाः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५(१) बमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । पालिकाले मर्मत संभार कार्यक्रम अन्तर्गत प्रयोजन वेगर रु. ४५,२००। मोबाइल खरिद गरेकोमा खरिद आदेश एवं जिन्सी दाखिला समेत नगरेकोले उक्त रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु. | ४५,२०० |
| २६ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **योजना छनौट र कार्यान्वयन :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७८÷७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।<br><br>रु.१लाखसम्म: २० ; रु.१लाखदेखि२लाखसम्म: ४५ ; रु.२लाखदेखि५लाखसम्मका: ४० ; रु.५लाखदेखि१०लाखसम्मका: २० ; रु.१०लाखभन्दाबढीको: ११ ; जम्मा: १३६<br><br>उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु. ५० हजार देखि २ करोड ६० लाख सम्मका जम्मा १३६ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र २० वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ | |
| २८ | | | **सेवाप्रवाहको स्थिति :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार (१५ वटा ऐन, ५ वटा नियमावली, १८ कार्यविधि २ निर्देशिका लगायत ५० वटा) कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| रु.१लाखसम्म | रु.१लाखदेखि२लाखसम्म | रु.२लाखदेखि५लाखसम्मका | रु.५लाखदेखि१०लाखसम्मका | रु.१०लाखभन्दाबढीको | जम्मा |
|---|---|---|---|---|---|
| २० | ४५ | ४० | २० | ११ | १३६ |

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| **पञ्जिकरणतर्फ** | |
| नागरिकता सिफारिस | **१२३९** |
| घरबाटो सिफारिस | **१२३** |
| नाता प्रमाणित | **१९०** |
| जन्म मृत्यु दर्ता | **१२८** |
| अन्य | **१४४९** |
| | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | **पूर्वाधार विकास सडक निर्माण** | | | |
| | | | | कालोपत्रे सडक निर्माण | विवरण पेश नभएको | | |
| | | | | कालोपत्रे सडक मर्मत | विवरण पेश नभएको | | |
| | | | | ग्राभेल सडक निर्माण | विवरण पेश नभएको | | |
| | | | | ग्राभेल सडक मर्मत | विवरण पेश नभएको | | |
| | | | स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका घरनक्सा पास एवं पूर्वाधार विकासमा लक्ष्य निर्धारण गरी सेवा सञ्चालन प्रभावकारी बनाउने प्रयास गरेको छैन । वार्षिक लक्ष्य निर्धारण गरी सेवा प्रवाहमा सुधार गनुपर्दछ । | | | | |
| २९ | | | **आन्तरिक लेखापरिक्षणबाट कायम बेरुजु :**<br>: आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ३३(८) वमोजिम आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट तथा सम्परिक्षण गराउनु पर्ने तथा दफा ३३(९) वमोजिम आन्तरिक लेखापरीक्षणको सुझावहरुको सम्वन्धमा कारण सहित हटाएकोमा वाहेक अन्य सुझावहरुलाई अन्तिम लेखापरीक्षण प्रतिवेदमा समावेश गर्नुपर्ने व्यवस्था अनुरुप आन्तरिक लेखापरीक्षणमा देखिएका व्यहोरा हालसम्म फस्र्यौट नभएकोले कायम गरिएको छ । | | | | |
| २९.१ | | | अनुगमन मूल्याकङ गो भौ न ३६ बाट हरि बहादुर भण्डारीलाई रु ३८७४५ भूक्तानि दिएकोमा विल भरपाई रु २४५२५ बाकी रु १४२२० को प्रमाण पेश गर्ने मोति प्रसाद जैसिलाई रु २८६२५ भूत्तानि दिएकोमा रु २३१२५ को विलर सलग्न भएको र बाकी रु ५५०० को प्रमाण पेश गर्ने | | | | १९,७२० |
| २९.२ | | | गो भौ न १२ प्रतिबदता मिडियालाइ भूत्तानी रु १७४६९२ र विल रु १६१३६४ बढी भुक्तानी भएको रकम असूल हुनुपर्ने रु | | | | १३,३२८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२९.३</td><td></td><td></td><td>कोरोना रोकथाम तथा नियन्त्रण खर्चः गो भौ न २९८ बाट द सनलाइट मोबाइल लाइ रु ५५४०५ भूत्तानि दिएकोमा विल अनुसार मोवाइलको दाखिला प्रतिवेदन खरिद आदेश र वितरणको भरपाई संलग्न नभएको</td><td>५५,४०५</td></tr>
<tr><td>२९.४</td><td></td><td></td><td>म्याचिङ फण्डबाट खर्चः गो भौ न ३२ होटल कान्जिरोवालाई रु ३२९९०६ भूत्तानि दिएकोमा के वापत भुक्तानी भएको हो सो खर्च पुष्टि हुने प्रमाण पेश गर्नुपर्ने रु</td><td>३२९,९०६</td></tr>
<tr><td>२९.५</td><td></td><td></td><td>गो भौ न ३१८ सुस्मिता थापाको पेश्की फछ्यौटमा सहभागी भत्ता र प्रशिक्षण गरि रु १७३६०० भत्ता भुक्तानी गरेकोमा नम्स संलग्न नभएको खर्च एकिन हुनुपर्ने रु</td><td>१७३,६००</td></tr>
<tr><td>२९.६</td><td></td><td></td><td>अनुगमन मुल्याङ्कन खर्चः गो भौ न ८२ बाट नव गिरिलाई रु ३३००० भूक्तानी दिएकोमा विल रु २८४१५ पेश भएकोले वढी भुक्तानी रु ४५८५।०० असूल हुनुपर्ने रु</td><td>४,५८५</td></tr>
<tr><td>२९.७</td><td></td><td></td><td>अनुगमन मुल्याकनः गो भौ न १६ मिति २०७८।६।२४ प्रेम बहादुर बुढालाई रु ६८२७० भूक्तानीमा स्विकृती मिति २०७८।६।१० देखि १६ सम्म रहेको र विल भरपाइ मिति २०७८।५।१७ देखि २१ सम्म रहेको भ्रमण पुष्टि हुने प्रमाण पेश हुनुपर्ने रु</td><td>६८,२७०</td></tr>
<tr><td>३०</td><td></td><td></td><td>तलबि प्रतिवेदनः<br>निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले कर्मचारीको पारिश्रमिकमा यो वर्ष रु. १,८४,४६,८८५ तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो ।</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>यातायात भत्ताः<br>कर्णाली प्रदेश तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा १५(२) मा पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था छ । स्थानीय तहले यो बर्ष निम्नानुसार पदाधिकारीलाई यातायात भत्ता बापत खर्च गरेको रु. १८०००। ऐन विपरित भएकोले असुल गर्नुपर्ने रु
<table>
<tr><th>पद</th><th>पदाधिकारी</th><th>यातायात खर्च रकम</th></tr>
<tr><td>वडाध्यक्ष</td><td>अर्जुन कुमार महतारा</td><td>९०००</td></tr>
<tr><td>वडाध्यक्ष</td><td>दिप बहादुर ऐडि</td><td>९०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१८,०००।</td></tr>
</table></td><td>१८,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **भ्रमण खर्चः**<br>कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् . | |
| ३२.१ | | | • अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्वेश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ३२.२ | | | भ्रमण खर्च नियमावली २०६४ को नियम ११ मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता बैठक भत्ता तालीम भत्ता स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने व्यवस्था छ । ७ दिने बहुपोषण प्याकेज अभिमुखिकरण कार्यक्रम अ.न.मि. मन्जु चौलागाईले ७ दिनको भ्रमण भत्ता लिई सञ्चालन गरेकोमा सहभागी भत्ता समेत भुक्तानी लिएकोले उक्त रकम रु. ४,१६५।०० असूल गर्नुपर्ने साथै भौ नं १७९ र १०४ परीक्षण गर्दा निम्न कर्मचारीहरुले भ्रमण भक्तानी गर्दा स्थानीय भत्ता कट्टा नगरिएकोले उक्त रकम असूल गर्नुपर्ने रकम रु. | ५५,०२३ |

| क्र सं | नाम | पद | देखि | सम्म | दिन | सहभागी तथा अन्य भत्ता | स्थानीय भत्ता | असूल गर्नुपर्ने |
|---|---|---|---|---|---|---|---|---|
| १ | राज्य लक्ष्मी शर्मा | सिअनमी | ०७९।२।२२ | २।२६ | ४.२५ | | १०९२.०० | १०९२.०० |
| २ | देवानन्द तिमल्सेना | सिअहेव | ०७९।२।२२ | २।२६ | ४.२५ | | १६७३.०० | १६७३.०० |
| ३ | मनोरमा महत | सिअनमी | ०७९।२।२० | २।२६ | ६.२५ | | २४६०.०० | २४६०.०० |
| | मनोरमा महत | सिअनमी | ०७९।२।११ | २।१५ | ४.२५ | ११९०.०० | ७४८०.०० | ८६७०.०० |
| | मनोरमा महत | सिअनमी | ०७९।१।१० | १।१५ | ५.२५ | ४७६०.०० | २०६७.०० | ६८२७.०० |
| | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | मनोरमा महत | सिअनमी | ०७९।२।३१ | ३।५ | ४.२५ | | १८४३.०० | १८४३.०० | | |
| | | | | | मनोरमा महत | सिअनमी | ०७९।२।३१ | ३।५ | ५.२५ | | २०६७.०० | २०६७.०० | | |
| | | | | | मनोरमा महत | सिअनमी | ०७९।३।२० | ३।२६ | ६.५० | ११९०.०० | ३१६०.०० | ४३५०.०० | | |
| | | | | | मनोरमा महत | सिअनमी | ०७९।२।६ | २।९ | ३.५० | | १७१९.०० | १७१९.०० | | |
| | | | | | मनोरमा महत | सिअनमी | ०७९।२।११ | २।१६ | ५.२५ | | २२७७.०० | २२७७.०० | | |
| | | | | | जम्मा | | | | | ७१४०.०० | २३०७३.०० | ३०२१३.०० | | |
| | | | | ४ | बलराम नेपाली | | ०७९।१।१० | १।१५ | ५.२५ | | २०६७.०० | २०६७.०० | | |
| | | | | | बलराम नेपाली | | १।२० | १।२४ | ४.२५ | | १८४३.०० | १८४३.०० | | |
| | | | | | | जम्मा | | | | | ३९१०.०० | ३९१०.०० | | |
| | | | | ५ | रमेश वुढा | हेअ | २।१७ | २।२१ | ४.२५ | | १०९२.०० | १०९२.०० | | |
| | | | | ६ | सोम राज एडी | अहेब चौथो | २।१६ | २।२० | ४.२५ | | ९१५.०० | ९१५.०० | | |
| | | | | ७ | सृजना मल्ल | अहेब चौथो | २।१६ | २।२० | ४.२५ | | ९१५.०० | ९१५.०० | | |
| | | | | ८ | मोर्चा शाही | सिअनमी | १।१७ | १।२२ | ४.२५ | | १०९२.०० | १०९२.०० | | |
| | | | | ९ | गम ब रोकाया | सिप्र हे अ | १।१८ | १।२२ | ४.२५ | | १६७३.०० | १६७३.०० | | |
| | | | | | गम ब रोकाया | सिप्र हे अ | २।१९ | २।२१ | २.५० | | १४२६.०० | १४२६.०० | | |
| | | | | | जम्मा | | | | | | ३०९९.०० | ३०९९.०० | | |
| | | | | १० | सपना महतरा | अनमी | १।१८ | १।२२ | ४.२५ | | १०९२.०० | १०९२.०० | | |
| | | | | ११ | सवित्रि सिँह | | १।१८ | १।२२ | ४.२५ | | १०९२.२५ | १०९२.२५ | | |
| | | | | १२ | मन्जु चौलागाई | अनमी | २।१९ | २।२१ | २.५० | | ११०८.२५ | ११०८.२५ | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>मन्जु चौलागाई</td><td>अनमी</td><td></td><td></td><td></td><td>४१६५.००</td><td>०.००</td><td>४१६५.००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>५२७३.२५</td></tr>
<tr><td>१३</td><td>पूर्ण प्रसाद धिताल</td><td>सिअहेव</td><td>३।२०</td><td>३।२६</td><td>६.५०</td><td></td><td>२४५६.२५</td><td>२४५६.२५</td></tr>
<tr><td>१४</td><td>खेमसिंह कठायत</td><td>अहेव ५</td><td>२।१९</td><td>२।२१</td><td>२.५०</td><td></td><td>११०८.२५</td><td>११०८.२५</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>७१४०</td><td>४३७१८.००</td><td>५५०२३.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३२.३</td><td></td><td></td><td>कार्यालयको कामको सिलसिलामा भ्रमणमा जाने कर्मचारी/पदाधिकारीलाई भ्रमण भत्ता उपलब्ध गराउनुपर्दछ । देहायका कर्मचारीको भ्रमण आदेश संलग्न नभएको, भ्रमण बिलमा मिति उल्लेख नभएको, भ्रमण वापत लिएको भाडा अवाञ्छित रुपमा बढी राखेकोले, भ्रमणको लागि जानुपर्ने कारण नदेखिएको जस्ता विविध कारणले भ्रमण वापत लिएको रकमको औचित्य पुष्टि हुने आधार नदेखिएकोले असुल हुनुपर्ने रु.
<table>
<tr><td>सि.नं.</td><td>पद</td><td>नाम/थर</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>१</td><td>लेखापाल</td><td>देवकी रावत</td><td>४२०००</td></tr>
<tr><td>२</td><td>सुचना प्रविधि अधिकृत</td><td>ओम बहादुर बुढा</td><td>४२०००</td></tr>
</table>
</td><td>८४,०००</td></tr>
<tr><td>३२.४</td><td></td><td></td><td>भ्रमण भाडाः भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा मितव्ययी हुनुपर्ने उल्लेख छ । खाडाचक्र नगरपालिकाबाट सरुवा भई पालिकामा पदस्थापन भएका निलम के.सी.लाई गाडि रिर्जववापत भुक्तानी दिएको रु. २००००। को औचित्य पुष्टि हुने आधार नदेखिएकोले अनियमित भएको रु.</td><td>२०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३३</td><td></td><td></td><td>अनुगमन भत्ताः<br>कर्णाली प्रदेश तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा १५(२) मा पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था छ । स्थानीय तहले यो बर्ष निम्नानुसार अनुगमन समितिलाई प्रोत्साहन भत्ता बापत खर्च गरेको रु. ९४,०००। ऐन विपरित भएकोले असुल गर्नुपर्ने रु.<br>
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>३३.१</td><td></td><td>०</td></tr>
</table></td><td>९४,०००</td></tr>
<tr><td>३४</td><td></td><td></td><td>डीपीआर खर्चः<br>बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।<br>
<table>
<tr><th>कार्यविवरण</th><th>परामर्शदाता</th><th>स्वीकृतरकम</th><th>खर्चरकम</th></tr>
<tr><td>तिलाखोलाआइइइ</td><td>ग्लोवलइन्जिनियरिङप्राली</td><td>५०००००</td><td>४९९४६०</td></tr>
<tr><td>बाविलाखोलाआइइइ</td><td>आचार्यइन्जिनियरिङप्राली</td><td>५०००००</td><td>४८९२९०</td></tr>
<tr><td>जम्माः</td><td></td><td>१००००००</td><td>९८८७५०</td></tr>
</table>
यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।</td><td></td></tr>
<tr><td>३५</td><td>१८५</td><td>२०७९-२-२९</td><td>गाउँपालिका प्रोफाइल निर्माणः<br>गाउँपालिकाले प्रोफाइल निर्माण बि एल मिडिया प्रा लि सँग ३२ मिनेटको video documentary तयार गर्ने गरि सम्झौता गरी रु ४४८६१०।०० भुक्तानी गरेको छ । सम्झौता अनुसार उक्त video documentary ३२ मिनेटको हुनुपर्नेमा २२ मिनेटको मात्र भिडियो वनाई भुक्तानी लिएको पाइयो । साथै उक्त प्रोफाइल कुनै पनि माध्यमवाट प्रसारण नभएकोले उपयोगिता पहिचान वृत्त चित्रको सर्वाधिकार समेत गाउँपालिकाले नदिएकोले सम्झौता भन्दा घटी कार्य गरेको सम्बन्धमा घट्नुपर्ने भुक्तानी यकिन गरी सम्बन्धितबाट असुल गर्नुका साथै वृत्त चित्रको उपयोगिता समेतको प्रमाण पेश हुनुपर्ने रु.</td><td>४४८,५१०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३६</td><td></td><td></td><td>बैठक भत्ताः<br>कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ को दफा ११ अनुसार स्थानीय तहका पदाधिकारी र सदस्यले आफू निर्वाचित भई पद तथा गोपनियताको शपथ लिई पदभार ग्रहण गरेको दिन देखि लागू हुने गरी तोकिए बमोजिम भत्ता खर्च लेख्नुपर्दछ । पालिकाको आन्तरिक आय न्यून रहेको अवस्थामा बैठक भत्ता वापत रु. १४,७१,०००.०० खर्च लेखेकोले यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ । विविध खर्चको सिमा निर्धारण गरी स्वीकृत कार्यविधि अनुसार खर्च गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>बैठक भत्ता :<br>अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका, २०७७ को परिच्छेद ७ को ७.१.१ मा उल्लेखित बैठक भत्ताको मापदण्ड अनुसार स्पष्ट विषयवस्तु एवम् कार्ययोजना बेगर बैठक बस्न नपाइने, बैठक कार्यालय समय अघि वा पछि हुनुपर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने र कानुन अनुसार गठन भएका समितिहरुको बैठकका लागि मात्र भत्ता प्रदान गर्ने व्यवस्था रहेको छ । उल्लेखित व्यवस्था बेगर कार्यालयले देहायका पदाधिकारीहरुलाई रु. २,४५,६५०। रकम बैठक भत्ता उपलब्ध गराएको सम्बन्धितबाट असुल गरि दाखिला गरिनुपर्ने रु
<table>
<tr><th>सि.नं.</th><th>पद</th><th>नाम/थर</th><th>वैठक भत्ता</th><th>कर कट्टी</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>1.</td><td>नि. प्र.प्र.अ.</td><td>मदन प्रसाद देवकोटा</td><td>१७०००</td><td>२५५०</td><td>१४४५०</td></tr>
<tr><td>2.</td><td>ईन्जिनियर</td><td>दिपेन्द्र भण्डारी</td><td>२५०००</td><td>३७५०</td><td>२१२५०</td></tr>
<tr><td>3.</td><td>अ.छोठौ</td><td>गँगा प्रसाद पाण्डे</td><td>२००००</td><td>३०००</td><td>१७०००</td></tr>
<tr><td>4.</td><td>अ.छोठौ</td><td>विष्णु प्रसाद देवकोटा</td><td>१००००</td><td>१५००</td><td>८५००</td></tr>
<tr><td>5.</td><td>क.अ.</td><td>प्रेम बहादुर शाही</td><td>२५०००</td><td>३७५०</td><td>२१२५०</td></tr>
<tr><td>6.</td><td>ना.सु.</td><td>मोती प्रसाद जैसी</td><td>१८०००</td><td>२७००</td><td>१५३००</td></tr>
<tr><td>7.</td><td>स.ई.</td><td>अधिकारी</td><td>२५०००</td><td>३७५०</td><td>२१२५०</td></tr>
<tr><td>8.</td><td>अ.स.ई.</td><td>बहादुर अधिकारी</td><td>२५०००</td><td>३७५०</td><td>२१२५०</td></tr>
<tr><td>9.</td><td>स.ई.</td><td>नवराज योगी</td><td>१००००</td><td>१५००</td><td>८५००</td></tr>
<tr><td>10.</td><td>अ.स.ई.</td><td>प्रभा नन्द कुमाई</td><td>१२०००</td><td>१८००</td><td>१०२००</td></tr>
<tr><td>11.</td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table></td><td>२४५,६५०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | स.ले.प | जयराज कुमाई | १८००० | २७०० | १५३०० | | |
| | | | | 12. | लेखापाल | देवकी रावत | १०००० | १५०० | ८५०० | | |
| | | | | 13. | ना.सु. | तिल प्रसाद पाण्डे | ५००० | ७५० | ४२५० | | |
| | | | | 14. | अ.छोठौ | अम्बरराज गिरी | १२००० | १८०० | १०२०० | | |
| | | | | 15. | गा.पा.अ. | हरी बहादुर भण्डारी | १०००० | १५०० | ८५०० | | |
| | | | | 16. | प्र.प्र.अ. | पुरुषोतम देवकोटा | २००० | ३०० | १७०० | | |
| | | | | 17. | ना.सु. | सुरज गिरी | १५००० | २२५० | १२७५० | | |
| | | | | 18. | अ.स.ई. | मिन बहादुर भण्डारी | १०००० | १५०० | ८५०० | | |
| | | | | 19. | का.स. | धनराज देवकोटा | १०००० | १५०० | ८५०० | | |
| | | | | 20. | का.स. | कविराज खत्री | १०००० | १५०० | ८५०० | | |
| | | | | | जम्मा | | २८९००० | ४३३५० | २,४५,६५०.०० | | |
| ३८ | | | **खाना तथा विविध खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.४०,९९,१७०.०० खर्च गरेको छ । | | | | | | | | |
| ३९ | | | **स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट रु. ३९,९४,४७९। सुविधा वापत भुक्तानी भएको छ । | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **लागत सहभागिताः**<br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ४१ | | | **प्राविधिक बिल र कार्य सम्पन्नः**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ४२ | | | **प्याकुरेवाडा द्धिया भिड मुडुरी सडकः**<br>सार्वजनिक खरिद ऐन २०६३ को परिच्छेद ७ दफा ५२(२ ख) मा सार्वजनिक निकायले खरिद सम्झौता र सोको सर्त वमोजिम सम्झौतामा तोकिएको कार्य क्षेत्र अनुसार निर्माण कार्य गर्नुपर्दछ सोही ऐनको दफा ५७ वमोजिम सार्वजनिक निकायले विल विजकको भुक्तानी खरिद सम्झौताको अधिनमा रहि तोकिए वमोजिम दिनुपर्ने उल्लेख छ । पालिकाले प्याकुरेवाडा द्धिया भिड मुडुरी सडक (चेनेज ८+४४०– ८+६४०) निर्माणको गर्न रु. २,५१,११,१२६।०० लागत अनुमान भएको काम गर्ने मार्फत बोलपत्र छनौट भएका निर्माण व्यवसायी उमा काष्ठमाण्डप जटेश्वर जे भि काठमाण्डौसँग मिति २०७८।९।५ मा रु. २१,८८,८७,१३४।0 उक्त कार्य मा गर्ने गरि भएको छ । उक्त सडक चेनेज ८+४४० देखि १३+२५० कटिङ्ग गर्न लागत अनुमान तयार गरी वोलपत्र भएकोमा संम्झौता पछि चेनेज बाहिर गई कटिङ्ग गरेको नाप अनुसार भुक्तानी गरेको छ । वस्तृत लागत अनुमान अनुसार बोलपत्र गरि सम्झौता भए पछि सोही वमोजिमको कार्य क्षेत्रमा कार्य सम्पन्न गर्नुपर्नेमा नगरी चेनेज बाहिर काम गर्न अनुमति दिने पदाधिकारीलाई जिम्मेवार बनाई सो भन्दा वाहिरको चनेज अर्थात ८+४४० देखि ८+६४० भन्दा वाहिरको क्षेत्रमा कार्य गरि रु. ६७,१३,९४५।०० भुक्तानी गरेको रकम नियम सम्मत नदेखिएको रु. | ६,७१३,९४५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३ | | | **कार्य सम्पन्न नभई भुक्तानीः**<br>शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको ०७८।७९ को कार्यक्रम कार्यान्वियन पुस्तिकाको क्रियाकलाप नं ११.१.२.४४५ को ८।२ मा भवन निर्माण अनुदान दिदाँ क्रमश ३० ५० २० प्रतिशत निकासा दिनुपर्ने र अषाढ १५ भित्र निर्माण कार्य सम्पन्न गरि कार्य सम्पन्न प्रतिबेदन प्रमाणित गरिसक्नुपर्ने व्यवस्था छ । तर मन्त्रालयले कोभिड १९ लगायत विविद्य कारण समयमा निर्माण कार्य सम्पन्न नगर्ने विद्यालयहरुलाई कार्य प्रगती अनुसार फुकुवा हुने गरी तोकिएको रकम सम्बन्धित विद्यालयको खातामा पठाउने मा मन्त्रीस्तरिय निर्णय भएको जनाई च. नं. २२५ मिति २०७९।०३।१७ मा परिपत्र गरेको आधारमा श्री शंकर बहुद्देश्यिय माध्यमिक विद्यालय गर्ज्याङ्कोटलाई प्रथम किस्ता रु. १० लाख ८० हजार समेत रु. ३४ लाख ५६ हजार निकासा दिएको छ । स्थलगत अवलोकनमा भवनको ढलान कार्यनै बाकी रहेकोमा प्राविधिकबाट कार्य सम्पन्न प्रतिबेदन तयार गरी भुक्तानी गरेको देखिएकोले नभएको काम सम्पन्न जनाई भुक्तानी सिफारिस गर्ने प्राविधिकलाई जिम्मेवार वनाई बुदा ६ अनुसार निर्माण सम्पन्न पश्चातको नाप अनुसार तयार भएको कार्य सम्पन्न प्रतिबेदन निर्माण सम्पन्न माईन्यूट फोटो लगायत निर्माण कार्य पुरा भएको प्रमाण पेश गर्नु पर्ने रु. | ३,४५६,००० |
| ४४ | | | **झारजवाल घट्ट लिफ्ट निर्माणः**<br>१९१।०७९।२।२५ पालिकाले झारजवाल घट्ट लिफ्ट निर्माण गर्न लागत अनुमान रु. ४५,४५,०९८।०० हजार भएको निर्माण कार्यको न्यून कवोल गर्ने निर्माण व्यवसायी एन के निर्माण सेवासँग रु. ४२,१५,२१२।०० मा कार्य सम्पन्न गर्ने गरि सम्झौता गरि कार्य गराएको सम्वन्धमा देखिएको व्यहवरा निम्नानुसार छन । | |
| ४४.१ | | | बैंक जमानतको – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) अनुसार निर्माण कार्यको त्रुटि सच्चाउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना बढी अवधि अर्थात १३ महिना अवधिको हुनुपर्ने उल्लेख छ । पालिकाले निर्माण सम्झौताको कार्य सम्पन्न गर्नुपर्ने म्याद थप समेत मिति २०७८।१२।२१ भएकोमा सोही अनुसार २०८०।१।२० सम्म हुनुपर्नेमा कृषि विकास वैंकको रु. २१०८०० को कार्य सम्पादन जमानत मिति २०७९।४।२९ सम्मको मात्र भएकोले कार्य सम्पादन जमानतको म्याद थप भएको प्रमाण पेश हुनुपर्ने रु. | २१०,८०० |
| ४४.२ | | | थप कोटेशनः सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ अनुसार खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वियनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्न निर्माण व्यवसायीसँग price negotiation समेतबाट काम सम्पन्न गर्न व्यवस्था सक्ने उल्लेख छ । पालिकाले संम्झौता अनुसार उक्त प्रक्रिया नअपनाई थप कोटशनबाट झारजवाल घट्ट लिफ्ट निर्माण काम गराएको देखियो । वोलपत्र प्रतिस्पर्धामा ७.६६ प्रतिशत घटिमा काम स्वीकार गरेपनि कोटेशनमा लागत अनुमान रु. ४,९१,७८९।०० भएकोमा रु. ४,८९,३७६।०० मा सम्झौता गरी सोही अनुसार भुक्तानी दिएको छ । ऐन, नियमको प्रावधान पालना नगरी थप कोटेशनबाट खरिद गर्दा प्रतिस्पर्धा मूल्यमा भएको छुट व्ययभार पार्ने पदाधिकारीलाई जिम्मेवार वनाई नियमित गर्नुपर्ने रु. | ४८९,३७६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | | | **रितपूर्बकको कर बिजकः**<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायी पेश गरेको कर विजकमा विजक नं ८ हातले लेखेको देखिएकोले रित पूर्कक्को कर वीजक बेगर निर्माण व्यसायी मु.अ.कर रु.८८,८५८.०० समेत रु.७,७२,३८५.०० भुक्तानी गरेको छ । रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु. | ८८,८५८ |
| ४६ | | | **ठेक्का भित्र कोटेशनः**<br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ अनुसार खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वियनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्न सक्ने उल्लेख छ । पालिकाले कालिका आधारभुन विद्यालय भवन निर्माणमा सम्झौता भन्दा थप कार्य गर्न सोही निर्माण व्यवसायीसँग price negotiation को आधारमा कार्य गराउनु पर्दछ । वोलपत्रमा ४७०५३ प्रतिशत घटेको देखिएकोले थप कार्य कम्तिमा सोही अनुसार गराउनु पर्नेमा कोटेशनको माध्यम सोही निर्माण सेवालाई लागत अनुमान रु. ८,९०,२११।०० भएको निर्माण कार्य रु. ८,८८,४९१।०० मा गर्ने गरि कोटेशन मार्फत सम्झौता गरि निर्माण गराई बढी व्ययभार पारेकोले नियमको प्रावधान विपरित सम्झौता गरी भुक्तानी दिने पदाधिकारीलाई जिम्मेवार वनाई नियमित गरेको प्रमाण पेश हुनुपर्ने रु. | ८८८,४९१ |
| ४७ | | | **कार्य सम्पन्न प्रतिवेदनः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन । | |
| ४८ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख :**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७८/७९ मा कन्टीन्जेन्सी बापत के कति कट्टी गरेको सोको अभिलेख राखेको छैन । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |
| ४९ | | | **सार्वजनिक परीक्षणः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५०</td><td></td><td></td><td>शिर्षक फरक पारी खर्च लेखेकोः<br>आर्थिका कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ (२) मा अधिकार प्राप्त अधिकारीले बजेट खर्च गर्दा सम्बन्धित खर्च शिर्षकमा परेको वा खर्च गर्न बाँकी रहेछ भने बजेट खर्च गर्नुपर्ने र महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत र महालेखा नियन्त्रकको कार्यालयबाट जारी एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्य्, २०७४ अनुसार खर्च गर्नुपर्ने उल्लेख छ । निम्न गोश्वारा भौचरबाट शिर्षक फरक पारी खर्च लेखेको हुँदा उक्त खर्च रकम नियमित गर्नुपर्ने रु.<br><table>
<tr><th>गो.भौ.नं र मिती</th><th>विवरण</th><th>खर्च लेखेको शिर्षक</th><th>लेख्नु पर्ने शिर्षक</th><th>रकम</th></tr>
<tr><td>१३१-०७८।८।१३</td><td>Dell Laptop i3</td><td>गुठिचौर एफ.एम सञ्चालन</td><td>मेशिनरी तथा औजार</td><td>११८०८५</td></tr>
<tr><td>१५५-०७८।८।२८</td><td>रेडियो सञ्चालन</td><td>कोरोना रोकथाम तथा नियन्त्रण</td><td>गुठिचौर रेडियो सञ्चालन</td><td>१२००००</td></tr>
<tr><td>३९०-०७९।०२।२७</td><td>स्कुटर खरिद १२५ सि सि</td><td>महिला विकास कार्यक्रम</td><td>सवारी साधन खरिद</td><td>२६७९००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>५०५९८५</td></tr>
</table></td><td>५०५,९८५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५१</td><td></td><td></td><td>सोझै खरिदः<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावलीमा रु. ५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु. ५ लाखभन्दा माथि रु. २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नेपर्ने सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा नियमको उक्त व्यस्था पालना नगरी निम्नानुसार रु. २०,५३,१६२। को सोझै खरिद गरेको छ ।
<table>
<tr><th>गो.भौ. नं./मिति</th><th>विवरण</th><th>आपूर्तिकर्ता</th><th>बिल नं.</th><th>बिल रकम</th></tr>
<tr><td rowspan="2">१६०-०७८।८।२८</td><td rowspan="7">स्टेशनरी समान खरिद</td><td rowspan="5">जि.पि.स्टेशनरी एण्ड सप्लायर्स</td><td>०००२६९</td><td>२६१५९५</td></tr>
<tr><td>०००२७०</td><td>४९८५५६</td></tr>
<tr><td rowspan="2">२९४-०७८।१२।०१</td><td>०००२६७</td><td>१०२६०४</td></tr>
<tr><td>०००२६८</td><td>२३६६४४</td></tr>
<tr><td>४५४-०७९।३।१४</td><td>०००७०२</td><td>५११९८३३</td></tr>
<tr><td rowspan="2">१८१-०७८।०९।११</td><td rowspan="2">साहिल सिजन स्टेशनरी एण्ड जनरल अडर सप्लायर्स</td><td>०५७</td><td>३९१२७३</td></tr>
<tr><td>०५८</td><td>४२६५७</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>२०५३१६२</td></tr>
</table></td><td></td></tr>
<tr><td>५२</td><td>१६६</td><td>२०७९-१-१५</td><td>बैंक जमानतको म्याद थप नभएकोः<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) अनुसार निर्माण कार्यको त्रुटि सच्चाउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना बढी अवधि अर्थात १३ महिना अवधिको हुनुपर्ने उल्लेख छ । पालिकाले अदाली विद्युत निर्माण गर्न एन के निर्माण सेवासँग रु १५३१०९१८।९४ मा गर्ने गरि भएको सम्झौत अनुसार कार्य सम्पन्न गर्नुपर्ने (म्याद थप समेत) मिति २०७८ चैत्र मसान्त भएकोमा सोही अनुसार २०८० वैषाख सम्म हुनुपर्नेमा कृषि विकास वैंकको रु. १६,७४,३००। को कार्य सम्पादन जमानत मिति २०७८।४।३० सम्मको मात्र भएकोले कार्य सम्पादन जमानतको म्याद थप भएको प्रमाण पेश हुनुपर्ने रु.</td><td>१,६७४,३००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५३ | | | **हेभी इक्विपमेण्टको प्रयोगः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । | |
| ५४ | | | **सव कन्ट्याक्टर वाट कार्य गराएकोः** | |
| ५४.१ | | | सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्नेछ र कुनै निर्माण व्यवसायी वा सव कन्ट्याक्टरवाट गराउने सुचना प्राप्त भएपछि समितिसँग सम्झौता तोडी वाँकी ऐन र नियमावली अनुसार गराउनुपर्ने उल्लेख छ । पालिकाले निम्न उपभोक्ता समितिलाई दिएको कार्यको लागत अनुमान शत प्रतिशत मानिसवाट गर्ने गरि तयार गरेको र उपभोक्ताले उक्त कार्य निर्माण व्यवसायीवाट गराई कर विजक पेश देखिएकोले नियमावलीमा भएको व्यवस्था विपरित पालिकाको सहमतिमा भएको देखिएको जिम्मेवार पदाधिकारीलाई जवाफदेही वनाउनुपर्दछ ।साथै सम्झौतामा उल्लेख भएको भन्दा घटीमा कार्य गराई निर्माण व्यवसायीको बिल बमोजिम उपभोक्ता ले व्यहोर्नुपर्ने रकम कट्टा नभएकोले बढी भुक्तानी भएको रकम असुल हुनु पर्दछ । | १,६००,१३७ |

| भौ नं र मिति | निर्माण योजना | लागत अनुमान | निर्माण व्यवसायी | निर्माण व्यवसायीले पेश गरेको विजक रकम | भुक्तानी | सम्झौता अनुसार उपभोक्ता समितिले व्यहोर्ने | भुक्तानी हुनुपर्ने | वढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| १४-०७९।२।९ | दशौदी हासपाली सडक निर्माण | ३६२३२५६ | पुजारी कन्स्ट्रक्सन एण्ड मल्टीप्रपोज प्रा लि | २१४७००० | २८८०००० | २०.७८ प्रतिशत | १७००८५३ | ११७९१४७ |
| २८।०७९।३।१८ | चोत्र भित्रि खोला सडक | १२२०९११ | सरस्वती निर्माण सेवा एण्ड सुशील सप्लायर्स | ६७३७६२ | ९६०००० | २० | ५३९०० ९ | ४२०९९० |
| जम्मा | | | | २८२०७६२ | ३८४०००० | २० | २२३९८६२ | १६००१३७ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५४.२</td><td>२२७</td><td>२०७९-३-१६</td><td>उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्नेछ र कुनै निर्माण व्यवसायी वा सव कन्ट्याक्टरवाट गराउने सुचना प्राप्त भएपछि समितिसँग सम्झौता तोडी वाँकी काम ऐन र नियमावली अनुसार गराउनुपर्ने उल्लेख छ । पालिकाले मुनी सडक मर्मत उपभोक्ता समितिलाई दिएको कार्यको लागत अनुमान शत प्रतिशत मानिसवाट गर्ने गरि तयार गरेको र उपभोक्ताले उक्त कार्य सरस्वती निर्माण सेवा निर्माण व्यवसायीवाट गराई रु. ५,००,०२५। कर विजक पेश गरी रु. ४,८०,०००। भुक्तानी गरेको देखिएकोले नियमावलीमा भएको व्यवस्था विपरित पालिकाको सहमतिमा भएको देखिएको जिम्मेवार पदाधिकारीलाई जवाफदेही वनाउनुपर्दछ ।साथै नियमावली विपरित भएको कार्य नियम सम्मत नदेखिएको रु.</td><td>४८०,०००</td></tr>
<tr><td>५५</td><td></td><td></td><td>निर्माणकार्य वेगर भुक्तानीः<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई भुक्तानी गर्दा प्राविधिक नापी मुल्यांकनको आधारमा सम्झौता सम्झौता वमोजिम भुक्तानि गर्नुपर्दछ । पालिकाले निम्न कार्यको भुक्तानी गर्दा निर्माण कार्य भएको नदेखिएकोले उक्त कार्यमा भुक्तानी भएको रकम असूल हुनुपर्ने रु.
<table>
<tr><th>भौ नं र मिति</th><th></th><th>निर्माण कार्य</th><th>परिमाण</th><th>दर</th><th>व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>२१२- ०७९।३।१४</td><td>देवकोटा वाडा सडक निर्माण</td><td>PCC 1:2:4</td><td>३।२</td><td>१७९८९</td><td>Work for drain मा soling वा excavation भएको नदेखिएकोले उक्त कार्य नभई भुक्तानी भएको</td><td>५७५६५</td></tr>
<tr><td>१९१- ०७९।३।१४</td><td>कम्डी गाँउ सडक</td><td>PCC 1:2:4</td><td>१।४</td><td>"</td><td>"</td><td>२५१८४</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>८२७४९</td></tr>
</table></td><td>८२,७४९</td></tr>
<tr><td>५६</td><td>४४</td><td></td><td>दिवाखाजाः<br>(भौ नं ४४ र १४२) कार्यक्रम कार्यान्वयन पुस्तिका (आ. व. २०७८।०७९) मा विद्यालयगत तथ्याङ्कका आधारमा विद्यालयहरुलाई बाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रु. २० का दरले विद्यालयलाई अनुदान दिने र विद्यार्थीको दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकिन भएपश्चात मात्र थप अनुदान दिने व्यवस्था छ। कार्यालयले EMIS मा प्रविष्ट तथ्याङ्कलाई अधावधिक नगरी एवम कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग मिलान नगरी दिवा खाजा व्यवस्थापन वापत रु. ६२ लाख ५७ हजार ६ सय ८० निकासा गरेको छ । EMIS अधावधिक, नभएको र दैनिक हाजिरी एवम खर्चको विल भरपाई समेत पेश भएको छैन। अतः गाउँपालिकाले अनुगमन गरी, प्रमाणित हाजिरी पुस्तिका पेश गर्न लगाई हाजिर भएका वास्तविक विधार्थी संख्यालाई दिवा खाजा खुवाए/नखुवाएको एकिन हुने प्रमाण पेश गर्नुपर्ने रु.</td><td>६,२५७,६८०</td></tr>
</table>

| ५७ क्रम | १२७ भौचर नम्बर | २०७९.३.१९ भौचर मिति | बिषय | १५३०,८६९ बेरुजु रकम |
|---|---|---|---|---|

**पाठ्यपुस्तकः**

शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान पहलोपटकमा विद्यार्थी संख्याको ७५% संख्यालाई पहिलो चौमासिकमा दिने र शैक्षिक सत्र २०७९ को विद्यार्थी भर्नाको विवरण पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५% बाट अनुदान दिने व्यवस्था छ । पालिकाले २०७९।०३।१९ मा १२ वटा विद्यालयलाई उक्त व्यवस्थको पालना नगरी एकमुष्ठ पाठ्यपुस्तक वापतको रकम निकासा गरेकोले विद्यार्थी संख्या पाठ्यपुस्तक खरिद र वितरण सहित खर्च प्रमाणित हुने कागजात पेश हुनु पर्ने रु.

| क्र सं | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | त्रिभुवन मा वि | २००४०२ |
| २ | खडगदेवि मा वि | ३६५००५ |
| ३ | शङ्कर मावि | २००७३८ |
| ४ | सत्यवादि मावि | २३३९४२ |
| ५ | कालिका आवि | १३७३२४ |
| ६ | हिराधनन्जय आवि | १००६१८ |
| ७ | आवि उखाडी | ८०६२१ |
| ८ | देउराली आवि | ४९८०१ |
| ९ | कुडी आवि | ३६१०७ |
| १० | पञ्चकोषि आवि | ८०९५१ |
| ११ | हिमाली रम्बा आवि | १५००० |
| १२ | तिनमासे आवि | ३०३६० |
| **जम्मा** | | **१५३०८६९** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८ | | | **वढी निकासाः**<br>कार्यक्रम कार्यान्वियन पुस्तिका २०७८।०७९ (९.११) शिक्षक दरबन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका अनुदान प्राप्त गर्ने शर्त पुरा गरेका सामुदायिक विद्यालयलयहरुलाई करार सम्झौता अनुसार काम गर्ने शर्तमा भाद्र महिना भित्र एकमुष्ठ अनुदान १० लाख उपलब्ध गराउने व्यवस्था छ । तिनमासे आधारभुत विद्यालय पहाडा गडिगाउँ जुम्लाले दोस्रो चौमासिकको अन्त्यमा शिक्षक तथा कर्मचारी नियुक्ति गरी पुरै वर्षको लागि अनुदान माग गरी निकासा प्राप्त गरेको छ । यसरी तेस्रो चौमासिकको सुरुमा नियुक्त गरी पुरै वर्षको अनुदान माग गरी वढी निकासा माग गरेकोले वढी रकम विद्यालयबाट फिर्ता माग गर्नुपर्ने रकम रु. | ५८७,९२० |

| क्र सं | नाम | नियुक्ति मिति | तलब स्केल | अषाढ सम्मको लागि निकासा हुनु पर्ने (प्र अ महंगी र पोसाक भत्ता सहित) | निकासा भएको | वढी निकासा |
|---|---|---|---|---|---|---|
| १ | उन बहादुर सावत (प्रावि) | २०७८।११।१२ | २८६१० | १६२३७५ | ४१३३३० | २५०९५५ |
| २ | विवराज बुढा (प्रावि) | २०७८।१२।०८ | २८६१० | १३०७६५ | ४१३१३० | २८२३६५ |
| ३ | सुना बोहोरा (कास) | २०७८।११।१३ | ६५०० | ४४९०० | ९९५०० | ५४६०० |
| ४ | व्यवस्थापन खर्च | | | | ७१०४० | ५८७९२० |
| | **जम्मा** | | | | **१००००००** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९ | | | **परिक्षा संचालनः**<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा कक्षा ८ को परिक्षा संचालन तथा प्रमाणिकरणको लागि प्रतिविधार्थी वार्षिक रु. २५० उपलब्ध गराउनुपर्ने व्यवस्था छ । कक्षा ८ को परिक्षा फारम भर्नेको संख्या र अनुदान दिईएको विद्यार्थी संख्या फरक परेकोले वढी भुक्तानी भएको रकम संचितकोषमा फिर्ता गर्नुपर्ने रु. | ६,५०० |
| ६० | | | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ताः**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.१८,४१,५९२।०० तलब भत्ता भुक्तानी गरेको पाईयो । | |

| क्र सं | विद्यालयको नाम | प्रति विद्यार्थी रकम | विद्यार्थी संख्या | फारम भर्ने | वढी संख्या | वढी रकम |
|---|---|---|---|---|---|---|
| १ | त्रिभुवन मा वि | २५० | ४१ | ३१ | १० | २५०० |
| २ | खडगदेवि मा वि | २५० | ३८ | ३४ | ४ | १००० |
| ३ | शङ्कर मावि | २५० | २४ | २२ | २ | ५०० |
| ४ | सत्यवादि मावि | २५० | ५५ | ४९ | ६ | १५०० |
| ५ | कालिका आवि | २५० | २२ | १८ | ४ | १००० |
| जम्मा | | | १८० | १५४ | | ६५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१ | | | **शिक्षक दरवन्दी र पदपूर्तिः**<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिका अन्तर्गत विभिन्न तहका १४ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।<br><br>सि.नं. / विद्यालयकोनाम / शिक्षकदरबन्दी / पदपूर्ति / विद्यार्थीसंख्या<br>१ / उ.मा.वि. / ४ / ४ / ९०<br>२ / मा.वि. / ११ / ६ / ३१८<br>३ / नि.मा.वि. / १० / २ / ४६७<br>४ / प्रा.वि. / ४१ / ६ / १८३९<br><br>दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ । | |
| ६२ | | | **स्यानिटरी प्याडः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३(क) मा खरिद आवस्यकताको पहिचान गरेर मात्र खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को दफा ६ मा स्थानीय तहले सामुदायिक विद्यालयको कक्षा ६ देखि १० सम्म अध्यनरत सबै छात्राहरु लाई निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रम अनुसार एक महिनावारी चक्रको लागी वढीमा १६ वटा सम्म १० महिना सम्मको लागि प्याड उपलब्ध गराउनुपर्ने र त्यसको अभिलेख विद्यालयले राख्नु पर्ने व्यवस्था छ । सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन गर्न पालिकाले ८५८८ पिस रु. ५ लाख ९९ हजार ७ सय ८३ मा खरिद गरी निम्न बमोजिमको विद्यालयहरुलाई हस्तान्तरण गरेको पाइयो । विद्यार्थी अनुपातको आधारमा आवश्यक स्यानीटरी प्याड खरिद गरी हस्तान्तण गर्नुपर्नेमा सो नगरी १४५२ थान रहेको देखाएकोले कार्यविधि अनुसार प्रयोग भएको प्रमाण पेश गर्नुपर्ने रु. | ९९,८३५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६३ | | | **विद्यालय स्थलगत अनुगमनः**<br>गाउँपालिकाको सत्यवादी माध्यमिक विद्यालय अनुगमन गर्ने क्रममा देखिएको व्यहोरा निम्नानुसार छन ।<br>• विद्यालयलाई विगतमा ICT Lab व्यवस्थापनका लागि रकम निकासा गरेमा विद्यालयको स्थलगत अनुगमन गर्दा कम्प्यूटर लगायत ल्याव संचालन गर्न आवश्यक अन्य सामग्री विद्यालयमा देखिएन । विद्यार्थिहरुले विद्यालयमा कम्प्यूटर ल्याव रहेको थाहा नपाएको अवस्था देखियो । सो सम्वन्धमा विद्यालयका प्रध्यानाध्यापकलाई सोधखोज गर्दा निजले ल्याव संचालन गर्ने कोठा नभई ICT का सामानहरु अध्यक्षले घरमा राखेको जनाएकोले सो सम्वन्धमा पालिकाले यथार्थता यकिन गरी ICT मा निकासा भएको रकम सम्बन्धमा स्पष्ट हुनुपर्दछ ।<br>• उक्त विद्यालय अनुगमनको क्रममा सामाजिक विकास निर्माण भएको २ तल्ले ६ कोठे भवन कार्यालयवाट निर्माण सम्पन्न नभएको अवस्थामा समेत कक्षा संचालन गरेको, भवनको ढलानबाट पानी चुहिएको अवस्था देखियो । छत तथा भऱ्याङ्ग लगायतमा रेलिङ्ग समेत नलगाई विद्यालय संचालन गर्दा विद्यार्थि सुरक्षामा समेत चुनौती देखिएको छ । विद्यालयमा घेरावार नलगाएको कारण विद्यालयको पठन, पाठन, बाह्य व्यक्तीको प्रवेश र भौतिक संरचनाहरुको सुरक्षा समेत चुनौतिपुर्ण देखिएकोले विद्यालयको व्यवस्थापन भौतिक संरचना/गुणस्तरमा सुधार गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ । | |
| ६४ | | | **छात्रावृत्तिः**<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा छात्रा छात्रवृत्ति कक्षा १-८ कर्णाली प्याकेज समेत गरी जुम्ला जिल्लामा कक्षा १-५ मा अध्ययनरत छात्राहरुका लागि वार्षिक रु १००० र कक्षा ६-८ मा अध्ययनरत छात्राहरुका लागि वार्षिक रु १५०० का दरले र दलित छात्रवृत्ति कक्षा १-८ सम्मको लागि प्रति विद्यार्थी रु ४०० छात्रवृत्ति अनुदान दिने व्यवस्था छ । पालिकाले कक्षा १-५ मा अध्ययनरत १०१० छात्राहरुका लागि रु १०१०००० कक्षा ६-८ मा अध्ययनरत २४५ छात्राहरुका लागि रु. ३,६७,५००। र दलित छात्रवृत्ति कक्षा १-८ सम्मको लागि रु. १,११,६००। निकासा गरेको छ । दलित छात्राको ईमिस विवरण प्राप्त नभएको तथा विद्यालयले वितरण गरेको छात्रावृत्तिको भरपाई विवरण प्राप्त नभएकोले वितरण प्रमाणित हुने भपाई कागजात पेश हुनुपर्ने रकम रु | १,४८९,१०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६५</td><td></td><td></td><td>
औषधी खरिदः<br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु. २९,७६,५८१.०० का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु न्निानुसार छनः
<table>
<tr><td>भौनं</td><td>सप्लायर्सकोनाम</td><td>रकम</td></tr>
<tr><td>३१/०७८/१०/३०</td><td>एलविमेडिसेलप्रालि</td><td>४८७२७२</td></tr>
<tr><td>६३/०७८/१२/२७</td><td>हिल्सीमेडिसप्लायर्स</td><td>४९८७४५</td></tr>
<tr><td>१२१/०७८/०८/१२</td><td>हरीभक्तमेडिटेकसप्लायर्स</td><td>९९५६१०</td></tr>
<tr><td>३६९/०७९/०२/११</td><td>सृजनामेडिशिनसप्लायर्स</td><td>९९४८५४</td></tr>
</table>
<ul>
<li>खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,</li>
<li>आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय</li>
<li>विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,</li>
<li>आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।</li>
<li>औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,</li>
<li>औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</li>
</ul>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६६ | २५९ | २०७९-३-२२ | **पशु विकास कार्यक्रमः**<br>पालिकाले पशु कार्यक्रम संचालन गर्दा कार्यक्रम छनौट गर्न विभिन्न मापदण्ड निर्धारण गरि कार्यसंचालन निर्देशिका अनुसार उक्त कार्यक्रमको सार्वजनिक सुचना प्रकासन गरि लाभग्राही दर्ता गरि उक्त मध्ये निर्धारण गरेको मापदण्ड अनुसार छनौट भएको लाभग्राहीलाई कार्यक्रम अनुसार अनुदान वितरण गर्नुपर्दछ । पालिकाले संचालन गरेको कार्यक्रममा सुचना प्रकासन तथा लाभग्राही छनौट मापदण्ड निर्धारण नगरि विभिन्न फर्मलाई कुखुरा हाँस तथा माछा वितरण गरेको छ । साथै कार्यक्रम अनुसार विउ पुँजी अर्थात चल्ला तथा भुरा वितरण गरि संचालन गर्नुपर्नेमा वयस्क कुखुरा हाँस तथा असला माछा वितरण गरेको देखिएकोले उक्त कार्यक्रममा वितरण भएको पशुपंक्षी फर्मले पशुपालन नगरी पुन विक्रि वितरण हुने देखिएकोले सो सम्वन्धमा कार्यक्रम संचालन गर्नेलाई जिम्मेवार वनाइनुपर्दछ ।<br><br>सि नं \| अनुदान प्राप्त गर्ने फर्म \| कार्यक्रम विवरण \| रकम<br>१ \| जि एण्ड विसौना \| ३० वटा कुखुरा \| १५००००<br>२ \| भण्डारी पशुपंक्षी पालन उद्योग \| असला माछा \| २९१००<br>३ \| भिजन होटल खाजा घर \| हाँस वितरण १५ गोटा \| २९६२५ | |
| ६७ | २०२ | २०७९-३-७ | **जुनेटिक रोग सम्वन्धि कार्यक्रमः**<br>कार्यक्रम संचालन निर्देशिका अनुसार कार्यक्रम अनुसार तालिम संचालन गर्दा संचालन गरिने कार्यक्रमको कार्यतालिका स्वीकृत गराई संचालन गर्नुपर्दछ । पालिकाले १ दिने जुनेटिक रोग सम्वन्धि कार्यक्रम संचालन गर्न ना.प्रा.स. लक्ष्मी चन्द्र अधिकारीलाई दिएको पेश्की कार्यक्रम संचालन गरि फछ्यौंट गरेको विल भरपाई अनुसार तालिम कार्यक्रमको कार्यतालिका स्वीकृत गराएको प्रशिक्षण गरेको विषयवस्तुको कार्यपत्र संलग्न नभएको विल भरपाईको आधारमा भुक्तानी भएको छ । तालिम संचालन भएको कार्यतालिका, प्रशिक्षकको विषयवस्तु, कार्यपत्र तथा कार्यक्रमको प्रतिवेदन समेत पेश हुनुपर्ने रु. | ४०,००० |
| ६८ | | | **चौरी प्रवर्द्धनः**<br>दुग्ध मिसान चौरी प्रवर्द्धन कार्यक्रम अन्तर्गत हिल्सा हिमाली चौरी पालन समितिलाई छुर्पी चिज बनाउने उपकरण लगायत सामान खरिद तथा ढुवानीका लागि ८५ प्रतिशत अनुदान र १५ प्रतिशत समितिबाट खर्च गर्ने गरी रु. २० लाखको कार्यक्रम संचालन भएकोमा रु. १६,९४,६००। सम्बन्धित समितिलाई उपलब्ध गराई बाकी रकम तालिम, समुह गठन, दैनिक भ्रमण भत्ता लगायतमा खर्च गरेको छ । यस सम्बन्धि थप व्यहोरा निम्न बमोजिम छनः | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६८.१ | | | तालिम संचालनः कार्यक्रम अनुसार २०७९ असार ३ मा समुह गठन गरेकोमा सोहि दिन १ दिने तालिम संचालन गरेकोमा २ पटकको खाजा खर्च दावी गरी रु. २६,०००। भुक्तानी दावी गरेपछि पुन सोही समुह र विषयवस्तुमा असार १३ मा तालिम संचालन गरेको जनाई थप रु. १३,०००। सो खाजा खर्च र स्टेशनरी बिल संलग्न गरेको छ । एकै समुहलाई एउटै विषयमा दुईपटक तालिम दिनुको औचित्य नदेखिएकोले १ दिने तालिम रु. २६,०००। असुल गर्नुपर्ने रु. | २६,००० |
| ६८.२ | | | भ्रमण खर्चः पालिकाले २०७९।०३।०३ को च नं ५४३ भ्रमण आदेश बमोजिम दुग्ध मिसान चौरी प्रवर्द्धन कार्यक्रममा प्राविधिक सहयोग गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय गएकोमा बजेट स्वीकृत भई निकासा भई सकेकोमा उक्त भ्रमण औचित्यपूर्ण छैन । स्वीकृत भ्रमण आदेश अनुसार २०७९।०३।१२ मा जुम्लाबाट नेपालगंज प्रस्थान हुनुपर्नेमा पशु अधिकृत छैठौ ध्रुवराज गिरीले असार १२ मा नेपालगंजबाट काठमाडौं गएको तर असार १३ मा जुम्लाबाट नेपालगंज गएको बोर्डिङ पास र हवाई टिकट संलग्न गरी रु.११६००।०० भुक्तानी लिएकोमा खर्च प्रमाणित हुने आधार प्रमाण नदेखिएकोले असुल गर्नुपर्ने रु. | ११,६०० |
| ६८.३ | | | अन्य खरिदः शाखा प्रमुखले विभिन्न फर्मबाट स्टेशनरी खरिद गरेको जनाई रु. ३६,८१५। खर्च गरेको बिल राखेकोमा ७५ जनाको तालिम खर्चसँग मेल खाने देखिदैन । कार्यालय प्रयोजनका लागि खरिद गरेको स्टेशनरी माग फारम तथा दाखिला संलग्न नगरेबाट खरिद भएको भन्न सकिएन । त्यस्तै न्यौपाने एग्रोभेटबाट रु ७५०३५ को औषधी खरिद गरेकोमा किसानलाई वितरण गरेको भरपाई संलग्न गरेपनि खुवाउने/ लगाउने तरिका तालिम कार्यक्रममा सामवेश छैन ।तालिम कार्यक्रममा २०० का दरले खाजा खर्च भुक्तानी गरिसकेपछि प्रयोजन नखुलाई विभिन्न मितिको खाजा खर्च जनाई रु. १८,७००। बिल राखेको साथै सवारी मर्मतको रु. १३,३००। समेत भुक्तानी भएकोमा कुन सवारी भन्ने नखुलेकोले तालिम कार्यक्रमको स्टेशनरी खर्च रु. ७,११०। बाहेक रु. २९,७०५। सवारी मर्मत रु. १३,३००। र खाजा खर्च रु. १८,७००। भुक्तानी दिन नमिल्ने देखिएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु. | ६१,७०५ |
| ६९ | | | **सामाजिक सुरक्षाः** | |
| ६९.१ | | | सामाजिक सुरक्षातर्फ निकासा – सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष सामाजिक सुरक्षा तर्फ रु ४२७२५४६८ खर्च गरेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६९.२ | | | मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लागातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गरिनेछ । पालिकाले सोको अध्यावधिक कार्य गरेको देखिएन। | |
| ६९.३ | | | सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेछ । | |
| ७० | | | **सुरक्षित नागरिक आवास कार्यक्रमः**<br>सुरक्षित नागरिक आवास कार्यक्रम कार्यविधि २०७५ को ११ (६) ले प्राप्त अनुदान उपलब्ध गराई कार्य सम्पन्न भएको अभिलेख राख्ने र अभिलेख बमोजिमको विवरण संघीय आयोजना कार्यान्वियन इकाई समेतलाई पठाउनुपर्ने व्यवस्था गरेको छ । त्यस्तै दफा ७ ले स्थानीय तहको प्रतिनिधिले अनुसूची ३ बमोजिम प्रतिबेदन दिएपछि कार्य सम्पन्न भएको मानिने उल्लेख छ । पालिकाले यस वर्ष प्राप्त बजेट मध्ये कन्टिन्जेन्सी कट्टा गरी विगत वर्षहरुमा अनुदान उपलब्ध गराएका ५८ जना लाभग्राहीहरुलाई रु.२७,०९१।०० का दरले थप अनुदान उपलब्ध गराएकोमा अनुदानको अवस्थिति एकिन हुने प्रतिबेदन संलग्न नगरेबाट उक्त रकम उपयोग अवस्था खुल्ने गरी अनुगमन प्रतिबेदन प्राविधिक प्रतिबेदन लगायतका प्रमाण पेश गर्नुपर्ने रु | १,५७१,२७८ |
| ७१ | | | **गत वर्षको भुक्तानीः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियमा ३९ को उपनियम १३ मा सम्बन्धित शिर्षकमा रकम नपुग भई भुक्तानी दिन रहेमा खर्च पुष्टी गर्ने बिल भरपाई सहित भुक्तानी दिन बाकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिन भित्र कोष तथा लेखा नियन्त्रका कार्यालयबाट प्रमाणित गराई राख्नु पर्ने व्यवस्था छ । पालिकाले पूँजीगत शसर्त अनुदानबाट लुम्बिनी इन्जिनियरिङ्ग वर्क्स लाई चाखा झोलुङ पुलको गत वर्षको भुक्तानी हुन नसकेको रु.३,९९,८९७।०० भुक्तानी गरेको छ । भुक्तानी विवरण प्राणिकरण बेगर शसर्त अनुदानबाट गरेको भुक्तानी अनियमित गरेको देखिएको रु. | ३९९,८९७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७२ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रमः** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वियन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष २१२ जनालाई रोजगारी उपलव्ध गराई रु. १२३००५४८। खर्च गरेको छ । लक्षित वर्गलाई १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ७३ | | | **गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रमः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७३.१ | | | उत्पादित वस्तुको गुणस्तर तथा विक्रीः गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखि त्यस्ता सामानहरु प्रशिक्षण अवधिभित्रै परल मूल्यको ५० प्रतिशत छुटमा सहभागीलाई विक्री गरी शाखाले तोकेको राजश्व खातामा रकम जम्मा गर्नु पर्ने विक्री नभएमा प्रदर्शनी वा विक्री कक्षमा पठाउने र त्यसरी पनि विक्री नभएमा ७ दिन भित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयको अभिलेख नमुना परीक्षण गर्दा कार्यालयले MEDPA कार्यक्रम अन्तर्गत वस्तु तथा सामान उत्पादन हुने तालिम संचालन गरी उत्पादन भएको सामानको कुनै रेकर्ड राखेको छैन । यस्ता समान विक्री गरी राजश्व दाखिला गर्नुपर्ने रु. | ६८,७५० |

| भौनं | तालिमको नाम | लागत अनुमान रकम | कच्चा पदार्थ / परिणाम (मुख्य रुपमा प्रयोगमा आएको) | कच्चा पदार्थको मूल्य | कच्चा पदार्थ परल मूल्यको ५०% |
|---|---|---|---|---|---|
| ८२।०२।१७ | स्वचालित मेशिनबाट होजियारी बुनाई सम्बन्धि पुनर्ताजगी तालिम | १३९४९५ | धागो ५० केजी | ४०००० | २०००० |
| १२०/०३।१६ | आरन सुधार सम्बन्धी सिप विकास तालिम | १०५६२० | फलाम तथा अन्य | ६०००० | ३०००० |
| १२०/०३।१६ | फर्निचर निर्माण सम्बन्धि | १५५४९० | काठ तथा फर्निचरका सामानहरु | ३७५०० | १८७५० |
| | जम्मा | | | | ६८७५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७३.२ | | | गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को दफा ४१ (३) मा उद्यमीलाई प्रदान गरिने प्रविधिको कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको कुल अंकको कम्तीमा २० प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा ८० प्रतिशत रकममात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कर्मचारी श्री देउराम नेपालीले रु. ३,५३,०८०। पेश्की लिएकोमा प्रविधि खरिद गरी वितरण गरेको देखिएन खरिद सामानको शत प्रतिशत नै आपूर्तिकर्तालाई भुक्तानी दिएको देखिएकोले प्रविधि खरिद, वितरण भरपाई २० प्रतिशत रकम असुल गरी राजश्व जम्मा गर्नुपर्ने रु. | ३५३,०८० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७४</td><td></td><td></td><td>आन्तरिक आयः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br><table><tr><th>केन्द्रियअनुदानबाटखर्च</th><th>आन्तरिकआय</th><th>आन्तरिकआयप्रतिशत</th></tr><tr><td>२८३३८६४९५</td><td>१४९६२३९</td><td>०.०५</td></tr></table>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.०५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>७५</td><td></td><td></td><td>राजश्व दाखिला :<br>आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ८ वटा वडा पालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला गरी राजश्व रकम बैक दाखिला भएको सम्बन्धमा पालिकाले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम समयमा बैकमा दाखिला हुनेगरी राजस्व दाखिला सुधार गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७६</td><td></td><td></td><td>दहत्तर बहत्तर शुल्क :<br>कर्णाली प्रदेशको प्रदेश आर्थिक ऐन, २०७६ को दफा ८(३) मा ढुंगा, गिट्टी, बालुवा, दहत्तर बहत्तरको संकलनमा अनुसुची ६ तोकीएको दरमा नघटने गरी शुल्क लगाईने र असूल गरीने उल्लेख छ । साथै उक्त ऐनमो दफा १२ मा यस ऐनमा उल्लेख गरिएको दरहरु आवश्यताअनुसार प्रदेश सरकारले मात्र परिवर्तन गर्ने सक्ने उल्लेख छ । प्राप्त विवरण अनुसार पालिका भित्र पर्ने बाविला र तिला खोलाको दहतर बहत्तर संकलन गर्न सक्नेमा उक्त खोलाको IEE गराई निम्न अनुसार रु. ९,८८,७५०। खर्च गरे तापनि ठेक्का लगाएको छैन । राजस्व संकलन गर्न नसक्ने स्थानको IEE गराएको रकम औत्चियपूर्ण देखिएन । तर खोला किनाराबाट नदिजन्य सामाग्री उत्खनन भइरहेको देखियो । नियमानुसार ठेक्का पट्टा नगराई पालिकाको वातावरणीय असर समेतलाई ध्यान दिई निर्धारित दर बमोजिम राजस्व आम्दानीमा जोड दिनुपर्दछ ।
<table>
<tr><th>भौ नं र मिति</th><th>खोलाको नाम</th><th>परामर्शदाता</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>२६०।०७९।३।२३</td><td>वाविला खोला</td><td>आचार्य इन्जिनियरिङ कन्सल्टेन्सी एण्ड विल्डर्स प्रा लि</td><td>४८९२९०</td></tr>
<tr><td></td><td>तिला खोला</td><td>ग्लोवल इन्जिनियरिङ कन्सल्टेन्सी प्रा लि</td><td>४९९४६०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>९८८७५०</td></tr>
</table></td><td></td></tr>
<tr><td>७७</td><td>२७८</td><td>२०७८-११-२२</td><td>बहाल करः<br>आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम बहाल रकम भुक्तानी गर्दा १० प्रतिशतले हुने बाहल कर कट्टा गर्नुपर्नेमा देहायका व्यावसायीलाई रु. ६२१५०।०० भुक्तानी गर्दा बहाल कर रु. ८२५। कट्टा गरेको र कट्टा गरेको कम कट्टा गरेकोले रु. ५,३९०।०० जिम्मेवार व्यक्तिबाट असूल गर्नुपर्ने देखिएको रु.</td><td>५,३९०</td></tr>
<tr><td>७८</td><td></td><td></td><td>राजश्व अभिलेख :<br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सो अनुसार रकम भिडान भएको अभिलेख पालिकाले राखेको छैन । अघिल्लो आ.व.को बाँकी रसिद समेत धुल्याउने गरेको छैन । प्राप्त नगद रकम राजस्व शिर्षकगत अभिलेख तयार गर्नुपर्नेमा नगरेकोले शिर्षकगत आम्दानी यकिन गर्न सकिएन यसको सम्बन्धमा तहाँ कार्यालयबाटै यकिन गर्नुपर्दछ ।<br>अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन गर्ने सम्बन्धमा ध्यान पुर्¥याउनु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ७९ | | | **वाइफाई जडानमा अनुदानः**<br>पालिकाको वार्षिक वजेट मार्फत पारित भएको योजना सोही अनुसार कार्यान्वयन हुनुपर्दछ । यस वर्ष पालिकाले ५० प्रतिशत अनुदानमा वाईफाइ जडान कार्यक्रम अन्तरगत ५ नं वडा कार्यालयका ४३ घर परिवारमा जडान गर्न रु. ३,८५,०००।०० भुक्तानी गरेकोमा सोको ५० प्रतिशत रु. १,९२,०००।०० मात्र खर्च लेख्नुपर्नेमा कार्यपालिकावाट योजना संशोधन गरी शत प्रतिशत पालिकाले व्यहोर्ने निर्णय गरी पुरै भुक्तानी गरेकोले थप व्ययभार पारेको छ । साथै उक्त कार्यवापत अग्रीम दाखिला गरेको रकम रु. ३,०००। का दरले ४३ जनाले वुझाएको रु. १,२९,०००।०० समेत फिर्ता गरेको छ । यसरी स्वीकृत कार्यक्रम संशोधन गरी कार्यान्वयन गर्दा पालिकालाई थप व्ययभार पारेको देखिएकोले यसरी कार्यक्रम संशोधन गर्ने कार्य नियम सम्मत देखिएन । पालिकाले योजना संचालन गर्दा उक्त योजनाले पर्ने प्रभावको लाभ लागत अध्ययन विश्लेषण गरि मात्र कार्य संचालन गर्नुपर्दछ । पालिकाले वडाका प्रत्यक व्यक्तिको घर घरमा जडान भएको वाईफाईको प्रयोजन तथा त्यसको प्रभाव नदेखिएको तथा लेखापरिक्षणको क्रममा कर्मचारीले उक्त इन्टरनेट नचलेको समेत जनाएकोले प्रतिफल प्राप्त नहुने क्षेत्रमा खर्च गरेको देखिएको रकम नियम सम्मत नदेखिएको रु. | ३८५,००० |
| ८० | | | **गुणस्तर परीक्षणः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | |
| ८१ | | | **गाडि उपकरण उपयोगः**<br>पालिकामा रहेको १ थान डोजर र १ थान ट्याक्टर संचालन गर्न २ जना ड्राइभर करारमा राखी पारिश्रमिकमा रु. ५,१८,०५०।०० खर्च गरेको छ । पालिकाको मेसिनरी औजार प्रयो सम्बन्धमा कार्यविधि बनाई छुट्टै कोष खडा गरी कम्तिमा खर्चको पारविन्दु पूर्ति हुनेगरी उपयोग गर्नुपर्नेमा पालिकाको काममा मात्र प्रयोग नभएई भाडा प्रयोजनको लागि समेत प्रयोग गर्ने गरेको दर्खिएकोले गाडि उपकरणको उचित उपयोग हुनुपर्ने देखिएको छ । | |
| ८२ | ४४ | २०७९-३-२५ | **इन्धन खपतः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) अनुसार खर्च पुष्टि हुने प्रमाण सहित लेखा राख्नुपर्दछ । पालिकाले १५२७ लिटर इन्धन रु. २२५ का दरले खरिद गरि रु. ३,२८,३००।०० खर्च लेखेको छ । उक्त इन्धन जेसिवी र ट्याक्टरमा प्रयोय भएको जनाए तापनि उक्त मेसिन प्रयोग गरेको स्पष्ट आम्दानी नभएको र उक्त मेसिनले गरेको कामको मुल्यांकन तथा लगसिट अनुसार इन्धन खपत विवरण पेश भएको नदेखिएकोले सो खर्च औचित्यपुर्ण नदेखिएको रु. | ३२८,३०० |
| ८३ | | | **पेश्की बाँकी :**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायत्व नियमावली २०७७ को नियम ४७ पेश्की दिएको रकम म्याद भित्र फछर्यौट गर्नु गराउनु पेश्की लिने एवं दिने दुबैको कर्तव्य हुने कुरा उल्लेख छ । कार्यालयले उपलब्ध गराएको पेश्की बाँकीको विवरण अनुसार आर्थिक वर्षको अन्तसम्म फछ्यौट हुन बाँकी रहेको निम्नानुसार पेश्की रकम | १,४९२,५३६ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>नियमानुसार फछ्र्यौट गर्नुपर्ने, रु. .
<table>
<tr><th>सि.नं.</th><th>पेश्की लिएको मिति</th><th>गो. भौ. न.</th><th>पेश्कीको विवरण</th><th>पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td colspan="5">ठेकेदार</td></tr>
<tr><td>३</td><td>२०७८/०८/१५</td><td>१९</td><td>गाउपालिका भवन निर्माण</td><td>आशापुर्ण निर्माण सेवा</td><td>८,९७,५३६</td></tr>
<tr><td>२</td><td colspan="5">संस्थागत</td></tr>
<tr><td>३</td><td>२०७८/०८/२२</td><td>१५०</td><td>लक्षित वर्ग कार्यक्रम</td><td>नौमुले अपांगता भएका व्याक्तिहरुको संजाल</td><td>१,९०,०००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>१,९०,०००</td></tr>
<tr><td>३</td><td colspan="5">उपभोक्ता समिति</td></tr>
<tr><td>१</td><td>२०७८/०८/१३</td><td>१४</td><td>खोलीगााड खानेपानी निर्माण</td><td>खोलीगाड खानेपानी उ स</td><td>६०,०००</td></tr>
<tr><td>२</td><td>२०७८/१०/२०</td><td>२</td><td>भडन्ना पुल ,चाखा झो.पु, गुठिचौर गाउँपालिका, जुम्ला</td><td>भडन्ना खोला स्टिल ट्रस निर्माण उ स</td><td>३,००,०००</td></tr>
<tr><td>३</td><td>२०७८/११/१८</td><td>९४</td><td>लेठिलेख देखी भक्लेखोला सम्म बाटो निर्माण</td><td>लेटिलेख देखी भक्लेखोला सम्म सडक निर्माण उ स</td><td>(३,००,००० )</td></tr>
<tr><td>४</td><td>२०७८/१२/१३</td><td>१२०</td><td>म्याचिङ फण्ड</td><td>बैसारुख कुलो निर्माण समिति</td><td>४५,०००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>१,०५,०००</td></tr>
<tr><td>४</td><td colspan="5">व्यक्तिगत</td></tr>
<tr><td>१</td><td>२०७८/११/२०</td><td>५०</td><td>किसान सूचीकरण कार्यक्रम</td><td>अधिकृत छैटौ धुर्वराज गिरी</td><td>३,००,०००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>३,००,०००</td></tr>
<tr><td colspan="5">कुल जम्मा</td><td>१४,९२,५३</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | | ६ | |
| ८४ | | | **विपद् व्यवस्थापन कोषः**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चाथलन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले विपद् व्यवस्थापन कोष अन्तर्गत रु. ६,९४,०००। खर्च गरी बाँकी रु. ३,०६,०००। देखिन्छ । पालिकाले नियममा तोकिएबमोजिम विपद् व्यवस्थापन कार्यविधि बनाएको छैन । ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | | |
| ८५ | | | **वार्षिक प्रतिवेदनः**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | | |
| ८६ | | | **असम्बन्धित भुक्तानीः**<br>पालिकाले कार्यालयसग सम्बन्धित खर्चको मात्र भुक्तानी गर्नुपर्नेमा कार्यालयसग असम्बन्धित व्यक्ति कमला रोकायको होटलमा बास तथा खाना बापत रु. २५,०००। भुक्तानी दिन मिल्ने नदेखिएकोले असुल गर्नुपर्ने रु. | | २५,००० |
| ८७ | | | **कर्मचारी प्रोत्साहन भत्ताः**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । पालिकाले कानून वेगर निम्नानुसार प्रोत्साहन भत्ता खर्च गरेको नियमसम्मत नदेखिकएको रु. | | ३५०,००० |

| सि.नं. | कर्मचारीकोनाम/थर | प्रोत्सानभत्ता |
|---|---|---|
| 1. | शिवराजदेवकोटा | १०००० |
| 2. | धुर्वरागिरी | १०००० |
| 3. | रत्नप्रसादपाण्डे | १०००० |
| 4. | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | उमेशप्रसादन्यौपाने | १०००० | | |
| | | | | 5. | लक्ष्मीचन्द्रअधिकारी | १०००० | | |
| | | | | 6. | मदनप्रसाददेवकोटा | १०००० | | |
| | | | | 7. | अम्बरराजगिरी | १०००० | | |
| | | | | 8. | गंगाप्रसादपाण्डे | १०००० | | |
| | | | | 9. | विष्णुप्रसाददेवकोटा | १०००० | | |
| | | | | 10. | दिपेन्द्रभण्डारी | १०००० | | |
| | | | | 11. | प्रेमराजखनाल | १०००० | | |
| | | | | 12. | गोविचन्द्रप्याकुरेल | १०००० | | |
| | | | | 13. | मोतिप्रसादजैसी | १०००० | | |
| | | | | 14. | हरिचन्द्रगिरी | १०००० | | |
| | | | | 15. | रिलागिरी | १०००० | | |
| | | | | 16. | सिंहमानरावत | १०००० | | |
| | | | | 17. | धर्मराजअधिकारी | १०००० | | |
| | | | | 18. | नवराजयोगी | १०००० | | |
| | | | | 19. | शंकरपाण्डे | १०००० | | |
| | | | | 20. | गोपालबहादुरखत्री | १०००० | | |
| | | | | 21. | प्रमेबहादुरशाही | १०००० | | |
| | | | | 22. | तिलप्रसादपाण्डे | १०००० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | 23. | देवकीरावल | १०००० | | |
| | | | | 24. | जयराजकुमाई | १०००० | | |
| | | | | 25. | वरमगिरी | १०००० | | |
| | | | | 26. | धर्मराजधिताल | १०००० | | |
| | | | | 27. | नवगिरी | १०००० | | |
| | | | | 28. | मिनबहादुरभण्डारी | १०००० | | |
| | | | | 29. | खड्गबहादुरअधिकारी | १०००० | | |
| | | | | 30. | साधनारावल | १०००० | | |
| | | | | 31. | लोकबहादुरभण्डारी | १०००० | | |
| | | | | 32. | धर्मानन्दधिताल | १०००० | | |
| | | | | 33. | लालीखत्री | १०००० | | |
| | | | | 34. | धर्मदत्त दवादी | १०००० | | |
| | | | | 35. | सुस्मिताथापा | १०००० | | |
| | | | | | जम्मा | ३५०००० | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८८</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षणः<br>अनुगमन तथा सम्परीक्षण – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षणको लागि पेश भएन । यस पालिकाको २०७८।७९ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ ।
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)</th><th>यो वर्ष कायम बेरुजू (C)</th><th>संपरीक्षणबाट कायम बेरुजू (D)</th><th>अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)</th></tr>
<tr><td>५५५०३</td><td>०</td><td></td><td></td><td></td></tr>
</table></td><td></td></tr>
</table>